


यदि कसैले भूकम्प पिडित बालबालिकालाई बालगृह वा अन्य स्थानमा राखेर नि:शुल्क खाने, बस्ने, पढ्ने व्यवस्था गरिदिन्छौं भन्दै आए के गर्ने?

निम्न प्रश्नहरू सोध्नेः

- ☑ तपाईको संस्थाको नाम के हो? यो कहाँ छ?
- ☑ तपाई हाम्रा बालबालिकालाई कुन ठाउँमा राख्नुहुन्छ?
- ☑ के तपाईको संस्थाले सरकारले तोकेको नियम कानुन पुरा गरेको छ ?
- ☑ के तपाईको संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको छ ?
- ☑ के तपाईको संस्थालाई जिल्ला बाहिर बालबालिका स्थानान्तरण गर्ने अनुमति छ ?
- ☑ के तपाईको संस्थाले गाउँमै बालबालिकालाई पढाउन मद्दत गर्छ ?

कतै तपाईको गाउँघरमा पनि राहात समूह वा संघ संस्थाको नाममा बालबालिका बेचविखन गर्ने दलाल त आएका छैनन् ? सचेत रहौं ।

**यदि तपाईलाई बालबालिकासँग सम्बन्धित शंकास्पद कार्य भए गरेको लागेमा तलका नम्बरमा तुरुन्त सम्पर्क गर्नुहोला ।**

जिल्ला बाल कल्याण समिति
सिन्धुपाल्चोक, ०११ ६२००८२,
बालकृष्ण बस्नेत, बाल अधिकार अधिकृत
९७४११३४०३३, ९८६०४३०६१६

बालबालिका खोजतलास केन्द्र
सम्पर्क : १०४

हिमाली नवीन समाज
सम्पर्क : ०१ ४३७८३०६

नेपाल प्रहरी
सम्पर्क : १००

# बालबालिकाको ओसारपसार बन्द गरौं ।

"व्यक्ति वा संस्थाको प्रलोभनमा नपरौं,
आफ्ना बालबालिकालाई आफुसँगै सुरक्षित राखौं"



जिल्ला बालकल्याण समिति
सिन्धुपाल्चोक

Next Generation Nepal

हिमाली नवीन समाज
The Himalayan Innovative Society


श्याम र उसको परिवार भूकम्पपछी आफ्नो दैनिक जिवनमा फर्कदै ।


ए दिदी नमस्ते ....... । सन्चै हुनुन्छ? हामी एउटा सँस्थाबाट आएका हाम्रो संस्थाले भूकम्प पिडित बालबालिकालाई सित्तैमा खाने, लाउने, बस्ने, पढ्ने व्यवस्था गर्छ ।


आमा, म जान्न ।
म पनि तपाईहरूसँगै बस्छु ।
दलाल


ओइ श्यामे । आज तँलाई भेट्न मान्छेहरू आउँदैछन् । उनीहरूको अगाडि म भूकम्प पिडित भन्नु, मेरो बुवा आमा छैनन् भन्नु, जान्ने भएर धेरै बोलिस भने हिजो जस्तै कुटाई खालास् ।


एकछिन पख्नुहोस् । यदि श्यामको आमाले यसो भनेको भए ।
तपाईहरू कुन संस्थाबाट आउनुभएको? तपाईको बालगृह कहाँ छ? सरकारी कागजातहरू छ तपाईसँग? पख्नुहोस् म जिल्लामा बुझ्छु ।


हत्तेरिका ! यो गाउँमा त नसकिने रहेछ, धन्नै कानुनको फन्दामा परेको, कसो जेलमा परिएन ।